फोन:-०९१ - ५८०१०१

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सूदुरपश्चिमप्रदेश, नेपाल

पत्र संख्या:राजस्व२०७७/०७८

## माछापालन तथा बिक्रि वितरण कार्यका लागि ताल ठेक्काको सिलबन्दी दरखास्त आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७८।०२।०७)

यस नगरपालिकाको मिति २०७८।०२।०६ गतेको निर्णय अनुसार भजनी नगरपालिका अन्तर्गत पर्ने तपसिल बमोजिमका तालहरुलाई सिलबन्दी ठेक्का बढाबढ मार्फत माछापालन कार्यका लागि ठेक्कामा लगाउने निर्णय भएकाले देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बढाबढ प्रक्रियामा भागलिन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| क्र.स. | ठेक्का नं. | तालको नाम | ठेगाना | प्रतिवर्ष कायम न्यूनतम अंक रकम रु. | सिलबन्दी फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/२०७७-०७८ | कोलकत्ला ताल | भजनी–४, खैलाड | २,००,०००/- | १,०००/- | |
| २ | ०३/२०७७-०७८ | झल्झलिया ताल | भजनी–४, झल्झलिया | ५०,०००/- | १,०००/- | |
| ३ | ०४/२०७७-०७८ | लालपकरिया ताल | भजनी–४, धनौरा | १,५०,०००/- | १,०००/- | |
| ४ | ०५/२०७७-०७८ | खोल्टीमटियारीताल | भजनी–४, बिजुलिया | १,५०,०००/- | १,०००/- | |
| ५ | ०६/२०७७-०७८ | लौकाहभौकाह ताल | भजनी–४, बिजुलिया | २७,००,०००/- | ३,०००/- | |
| ६ | ०७/२०७७-०७८ | गुरदहुवा ताल | भजनी–५लालबोझी | १९,७६५/- | १,०००/- | |
| ७ | ०८/२०७७-०७८ | १५ नं.पिल्लर नजिक ताल | भजनी–५लालबोझी | २२,६९४/- | १,०००/- | |
| ८ | ०९/२०७७-०७८ | लम्की ताल | भजनी–९, गन्जहुवा | १,१५,००००/- | १,०००/- | |
| ९ | १०/२०७७-०७८ | सुसुवा ताल | भजनी–९, भुरुवा | ३,००,०००/- | १,०००/- | |

शर्तहरु:

१.सिलबन्दी दरखास्त फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट ठेक्का नं. ०६/२०७७-०७८ को लागि नगद रु. ३,०००/- (अक्षेरुपी तीन हजार मात्र) र बाँकि अन्य सबै ठेक्का नं. को लागि नगदरु. १,०००/- (अक्षेरुपी एक हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने) बुझाई ८ औं दिन दिनको १२:०० बजे सम्म भजनी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ। उक्त सिलबन्दीहरु सोही दिन दिनको २:००बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्त दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्त दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन।

२.शिलबन्दी दरखास्त खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमश: लगतै कार्यालय खुलेको दिनमा हुनेछ।

३.व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), मु.अ. कर, स्थायी लेखा नं.(पान न ) र आ. व. २०७६/०७७ सम्मको कर चुक्ता

धर्म राज विनाडी
प्रमुख प्रशासकीय अधिकृत

भएको प्रमाणपत्र लगायतका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ।

४.शिलबन्दी दरखास्त खाम बाहिर भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको लिन चाहेको ताल नाम लेखि दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नु पर्नेछ।

५. दरखास्त दाताले कबोल गरेको दररेट अंकर अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

६.ताल ठेक्का प्रक्रियामा भाग लिन चाहने दरखास्तदाताले नगरपालिकाले निर्धारण गरेको वार्षिक न्युनतम रकमले ५ वर्षको एकमुष्ट हुने रकमको नेपाली नागरिक भए ५(पांच) प्रतिशत र गैर नेपाली नागरिक भएमा १०(दश) प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं.४१५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ।

७. वार्षिक कबोल रकम ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र बैंक खातामा दाखिला गरी पट्टा उठाउनु पर्नेछ।

८. तालको ठेक्का अवधि ठेक्का स्वीकृत भएको मिति देखी २०८२ साल चैत्र मसान्तसम्म ५ वर्षको हुनेछ। अन्तिम वर्ष २०८२ माघ मसान्त भित्र नर्सरी र ऐ.ऐ. चैत्र मसान्त भित्र ताल खाली गर्नु पर्नेछ।

९.दरखास्त दाताले कबोल गरेको रकममा प्रति वर्ष ३% (तीन प्रतिशत) का दरले चक्रिय प्रणाली अनुसार वृद्धि हुनेछ।

१०. प्रचलित नियमानुसार कालो सूचीमा नपरेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नुपर्ने छ | कालोसूचीमा परेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही हुने छैन ।

११.म्याद नाघी आएको, रीत नपुगेको शर्त राखिएको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरिने छैन।

१२.पेश भएको सिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३.यसमा उल्लेख नभएको विषयको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ।

१४. ठेकेदारले तालको प्राकृतिक आकृति तथा संरचना बिग्रने गरी खेति गर्न पाइने छैन, जैविक विविधतामा असर पर्ने र वन, जलचर ऐन तथा पर्यावरण सम्बन्धि ऐन नियमको विपरित हुने गरी कुनै कार्य गर्न पाइने छैन। तालको डीललाई मर्मत गर्नुको साथै वार्षिक रुपमा तालको वरपर वृक्षारोपण गर्नुपर्ने छ |

१५.सूचनामा उल्लेखित हुन नसकेका अन्य कुराहरुको हकमा प्रचालित नियम कानुन अनुसार हुनेछ। ठेक्का सम्झौता पछि नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकमहरु मध्ये कुनै किसिमको मिनाहा को लागि दाबी गर्न पाइने छैन।

१६.ठेक्का कबोल गरेको रकम ठेक्का सम्झौता गर्ने ठेकेदारले प्रत्येक चैत्र मसान्त भित्र एकमुष्टरुपमा बुझाई मात्र आगामी बर्षको कार्य सञ्चालन गर्नु पर्नेछ । ठेक्दारले पट्टा उठाउदा नै ५ वर्षको कबोल रकम एकमुष्ट बुझाएमा उक्त रकमको १०(दश) प्रतिशत रकम छुट दिन सकिनेछ।

१७. सुचनाको सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ।

धर्मराज विनाडी

प्रमुख प्रशासकीय अधिकृत

धर्म राज विनाडी

प्रमुख प्रशासकीय अधिकृत